# सम्बन्धित सरोकारवालाहरुमा अनुरोध ।

राष्ट्रिय परीक्षा बोर्डले **अपाङ्गता भएका विद्यार्थीका लागि परीक्षा सहजीकरण निर्देशिका, २०८२** को मस्यौदा तयार गरी यहाँहरु समक्ष पस्किएको छ । उक्त मस्यौदा अध्ययन गरी यहि पौष १० गतेसम्म आवश्यक सुझाव info@neb.gov.np वा sapkotapadma@gmail.com मा पठाइदिनुहुन अनुरोध गरिन्छ ।

# अपाङ्गता भएका परीक्षार्थीका लागि परीक्षा सहजीकरण निर्देशिका, २०८२

प्रस्तावित

नेपाल सरकार

## राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी ,भक्तपुर

# <u>बिषयसुची</u>


| परिच्छेद | विषय | पृष्ठ संख्या |
|---|---|---|
| परिच्छेद- १ | प्रारम्भिक | १ |
| परिच्छेद –२ | अपाङ्गताको प्रकार | ४ |
| परिच्छेद –३ | परीक्षा सम्बन्धी व्यवस्था | ५ |
| परिच्छेद –४ | परीक्षा सहजीकरण सम्बन्धी व्यवस्था | ६ |
| परिच्छेद –५ | परीक्षा केन्द्रमा पहुँचयुक्तताका लागि भौतिक तथा समय व्यवस्थापन सम्बन्धी व्यवस्था | ८ |
| परिच्छेद – ६ | प्रविधिको प्रयोग सम्बन्धी व्यवस्था | १० |
| परिच्छेद – ७ | लेखन सहयोगी सम्बन्धी व्यवस्था | १३ |
| परिच्छेद – ८ | उत्तरपुस्तिका संकलन र परीक्षण सम्बन्धी व्यवस्था | १४ |
| परिच्छेद – ९ | तालिम अभिमुखीकरण र सचेतना सम्बन्धी व्यवस्था | १५ |
| परिच्छेद – १० | विभिन्न निकायको काम कर्तब्य र अधिकार | १६ |
| परिच्छेद – ११ | आचारसंहिता सम्बन्धी व्यवस्था | १९ |
| परिच्छेद – १२ | विविध | २१ |
| अनुसूचीहरु | | |


प्रस्तावित

**प्रस्तावना** :

अपाङ्गता भएका परीक्षार्थीहरूको शिक्षामा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धी हासिल गर्ने प्रकृयामा सहजीकरण गर्नुका साथै परीक्षार्थीको विशेष आवश्यकतालाई मध्यनजर गर्दै उनीहरूको क्षमताको उचित मूल्याङ्कनका लागि परीक्षा प्रणालीलाई अपाङ्गता मैत्री बनाउँदै परीक्षा सहज र व्यवस्थित बनाउन बाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (घ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-एक

### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस निर्देशिकाको नाम "**अपाङ्गता भएका परीक्षार्थीका लागि परीक्षा सहजीकरण निर्देशिका, २०८२**" रहेको छ ।

(ख) यो निर्देशिका शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ

१.१ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**ऐन**" भन्नाले शिक्षा ऐन, २०२८" सम्झनु पर्छ ।

(ख) "**नियमावली**"भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ग) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले राष्ट्रिय परीक्षा बोर्ड सम्झनुपर्छ ।

(ङ) "**केन्द्र**" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

मस्यौदा

(च) **परीक्षा**" भन्नाले  ऐनको दफा ४ ट बमोजिम बोर्डले सञ्चालन गर्ने माध्यमिक शिक्षाको कक्षा दश र कक्षा बाह्रको अन्त्यमा लिइने परीक्षालाई सम्झनु पर्छ

(छ) "**परीक्षा नियन्त्रक**" भन्नाले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा हेर्ने प्रमुखलाई सम्झनु पर्छ

(ज) "**केन्द्राध्यक्ष**" परीक्षा सञ्चालनको लागी तेकिएको **केन्द्राध्यक्ष** सम्झनु पर्छ

(झ) "**शिक्षक**"भन्नाले विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई सम्झनु पर्छ ।

(ञ) "**निरीक्षक**" भन्नाले बोर्डबाट सञ्चालित परीक्षा हेर्न केन्द्राध्यक्षले तोकेको शिक्षकलाई सम्झनु पर्छ

(ट) "**निर्देशिका**" भन्नाले अपाङ्गता भएका परीक्षार्थीका लागि परीक्षा सहजीकरण निर्देशिका २०८२ सम्झनु पर्छ ।

(ठ) "**उत्तरपुस्तिका**" भन्नाले परीक्षार्थीलाई परीक्षाको समयमा उत्तर लेख्न उपलब्ध गराएको र परीक्षार्थीले परीक्षा दिई बुझाएको उत्तरपुस्तिका सम्झनु पर्दछ।उत्तरपुस्तिकाले परीक्षार्थीले कम्प्यूटर प्रयोग गरी बुझाएको उत्तरलाई समेत जनाउँदछ।

(ड) "**परीक्षा केन्द्र**" भन्नाले परीक्षा सञ्चालन गर्न बोर्डले तोकेको परीक्षा केन्द्र सम्झनु पर्दछ ।

(ढ) "**परीक्षार्थी**"भन्नाले परीक्षाको आवेदन फाराम भरी परीक्षामा सम्मीलित हुन योग्य ठहरिएका परीक्षार्थी सम्झनु पर्छ ।

(ण) "**समिति**"भन्नाले परीक्षा सहजीकरण समिति .लाई सम्झनु पर्छ ।

(त) "**स्थानीय तह**"भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ नगरपालिका भन्नाले उपमहानगरपालिका र महानगरपालिका समेत सम्झनु पर्दछ ।

(थ) "**अपाङ्गता** "भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले परिभाषित गरे अनुसारको **अपाङ्गता** सम्झनु पर्दछ ।

(द) "**पहुँचयोग्यकेन्द्र**"भन्नाले सबै प्रकारका अपाङ्गता भएका परीक्षार्थी जस्तै ह्वीलचेयर प्रयोगकर्ता, दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज आवागमन र प्रयोग गर्न मिल्ने भौतिक संरचना भएको परीक्षा केन्द्रलाई सम्झनुपर्छ।

(ध) "**प्रविधि**" भन्नाले अपाङ्गगता भएका परीक्षार्थीहरूलाई सहयोग पुर्‍याउँने विभिन्न उपकरणहरुलाई सम्झनुपर्छ ।

(न) "**अपाङ्गतामैत्री**" भन्नाले शरारीरिक, दृश्य, श्रवण, संज्ञानात्मक र स्नायु विविधताका लागि उपयुक्त पहुँचयोग्यता भएको अवस्थालाई सम्झनुपर्छ ।

(प) "**विद्युतीय सामग्री**" भन्नाले परीक्षार्थीहरूले परीक्षामा प्रयोग गर्न सक्ने कुनै पनि विद्युतीय उपकरणहरू कम्प्युटर, ट्याबलेट, स्क्रिन रिडर, श्रवण सहायक यन्त्र, आवर्धक (magnifiers), सञ्चार उपकरण वा अन्य अनुकूलन प्रविधि वा उपयुक्त अनुकुलन (reasonable accommodations) सम्झनु पर्दछ ।

(फ) "**कार्यगत सिमितता**" भन्नाले व्यक्तिको शारीरिक इन्द्रियगत बौद्दिक वा मानसिक अवस्थाका कारण दैनिक जीवनका क्रियाकलाप सञ्चालन गर्न कठिनाइ भई सामाजिक सहभागितामा हुने अवरोधलाई सम्झनुपर्छ ।

## परिच्छेद—दुई

### अपाङ्गताका प्रकार

२ यस निर्देशिकाको प्रयोजनको लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा उल्लेख भएका निम्न प्रकारका अपाङ्गतालाई जनाउँनेछ ।

(१) शारीरिक अपाङ्गता

(२) दृष्टिसम्बन्धी अपाङ्गता

(३) सुनाइ सम्बन्धी अपाङ्गता

(४) श्रवणदृष्टिविहीन अपाङ्गता

(५) स्वर र बोलाई सम्बन्धी अपाङ्गता

(६) मानसिक वा मनोसामाजिक अपाङ्गता

(७) बौद्धिक अपाङ्गता

(८) अनुवंशीय रक्तश्राव हेमोफोलिया सम्बन्धी अपाङ्गता

(९) अटिजम सम्बन्धी अपाङ्गता

(१०) बहुअपाङ्गता

(परीक्षा दिने प्रयोजनको लागि दफा ३ मा उल्लेखित अपाङ्गता भएका परीक्षार्थीलाई देहाय बमोजिम पाँच भागमा वर्गिकरण गरिएको छ।)

(१) शारीरिक अपाङ्गता

(२) मानसिक स्वास्थ्य तथा व्यवहारजन्य असहता

(३) श्रवणदृष्टिविहीन अपाङ्गता

(४) बौद्धिक/ विकासात्मक अपाङ्गता

# परिच्छेद—तीन

## परीक्षा सम्बन्धी व्यवस्था

३ अपाङ्गता भएका परीक्षार्थीका लागि निम्नानुसार परीक्षा सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछः

(क) अपाङ्गता भएका परीक्षार्थीको कार्यगत सिमितताको पहिचान सहितको तथ्याङ्क संकलन गर्नुपर्नेछ।

(ख) अपाङ्गताको प्रकृति र सघनता छुट्टिने गरी बोर्डले रजिष्ट्रेशन र परीक्षा आवेदन फाराम तयार गर्ने र विद्यालयले सोही अनुसार रजिष्ट्रेशन तथा परीक्षा आवेदन फाराम भराउने व्यवस्था गर्नुपर्नेछ ।

(ग) कार्यगत सिमितताका कारणले थप सहयोग लिनुपर्ने भएमा परीक्षार्थीले परीक्षाको राजिष्ट्रेशन फारम भर्ने बेलामा आफूलाई पायक पर्ने परीक्षा केन्द्र छनोट गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) कार्यगत सिमितता भएका परीक्षार्थीलाई आवश्यक पर्ने सुविधा उपलब्ध हुने परीक्षाकेन्द्रको सूची अद्यावधिक गरी नियमित रूपमा प्रकाशन गर्नुपर्नेछ ।

(ङ) परीक्षाकेन्द्र अपाङ्गतामैत्री हुनुपर्नेछ।

(च) कार्यगत सिमितता भएका परीक्षार्थीले परीक्षामा विद्युतीय सामग्रीहरुको प्रयोग गर्न चाहेमा परीक्षाकेन्द्रले उक्त सामग्री उपलब्ध गराउनका लागि न्यूनतम पूर्वाधार र उपकरणको व्यवस्था मिलाउनु पर्नेछ।

(छ) अपाङ्गता भएका परीक्षार्थीका लागि अपाङ्गताको प्रकृति अनुसार शान्त र कुनै किसिमको अवरोध नहुने कक्षाकोठामा बसाइ व्यवस्था गर्नुपर्नेछ ।

प्रमाणित

# परिच्छेद—चार

## परीक्षा सहजीकरण सम्बन्धी व्यवस्था

४ सम्वन्धित परीक्षा नियन्त्रकको अध्यक्ष्यतामा देहाय बमोजिमको पाँच सदस्यीय **परीक्षा सहजीकरण समिति** गठन हुनेछ ।

(क) परीक्षा नियन्त्रक - संयोजक

(ख) बोर्डका अध्यक्षले मनोनित गर्ने एकजना शिक्षाविद - सदस्य

(ग) अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयका प्रधानाध्यापक मध्येबाट बोर्डका अध्यक्षले मनेनित गर्ने एक जना - सदस्य

(घ) राष्ट्रिय अपाङ्ग महासंघका प्रतिनिधि एकजना - सदस्य

(ङ) परीक्षा नियन्त्रकले तोकेको अधिकृत - सदस्य सचिव

### ४.१ परीक्षा सहजीकरण समितिको काम कर्तब्य र अधिकार

(१) अपाङ्गता भएका परीक्षार्थीको तथ्याङ्कीय आधार तयार गरी ती परीक्षार्थीको कार्यगत सिमितता पहिचान र विष्लेषण गर्ने ।

(२) अपाङ्गता भएका विद्यार्थीको विवरण तयार गरी सम्बन्धित कार्यालय र परीक्षा केन्द्रलाई जानकारी गराउने ।

(३) अपाङ्गता भएका परीक्षार्थीका लागि आवश्यक पर्ने उपयुक्त सहयोगी, सहायता प्रणाली र प्रविधिको व्यवस्था गर्ने ।

(४) परीक्षार्थीलाई आवश्यक पर्ने उपकरण तथा प्रविधिको उपयुक्त व्यवस्था सम्बन्धित परीक्षार्थी, विद्यालय वा परीक्षाकेन्द्रले गर्ने गरी व्यवस्थापन गर्ने ।

(५) अपाङ्गता भएका परीक्षार्थीका लागि आवश्यक पर्ने सहयोगी, सहायता प्रणाली, प्रविधि र उपकरण प्रयोग गर्न तथा अतिरिक्त समय थप गर्ने सम्वन्धमा आवश्यक स्वीकृती प्रदान गर्ने ।

(६) परीक्षा सञ्चालनका काममा प्रत्यक्ष जिम्मेवारीमा रहेका सरोकारवालाहरूको पहिचान गरी आवश्यकता अनुसार परीक्षा सम्बन्धि अभिमुखीकरण र तालिमको आयोजना गर्ने ।

(७) अपाङ्गता भएका परीक्षार्थीको परीक्षा संचालनका क्रममा आएका गुनासा सुन्ने र आवश्यक सहजीकरण गरी निर्देशन दिने ।

(८) यस निर्देशिकामा भए गरेका व्यवस्थाहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने, थप सुधारका लागि सुझाव सहित प्रतिवेदन तयार गर्ने र बोर्ड समक्ष पेश गर्ने ।

प्रस्तावित

## परिच्छेद—पाँच

### ५. परीक्षा केन्द्रमा पहुँचयुक्तताका लागि भौतिक तथा समय व्यवस्थापन सम्बन्धी व्यवस्था

**(सम्बन्धित परीक्षा केन्द्रले गर्ने)**

(क) परीक्षा केन्द्रमा ह्विल चेयरको प्रयोग गर्न मिल्ने गरी र्‍याम्प वा विद्युतीय भर्‍याङ परीक्षा हल तथा शौचालयको ढोका तथा स्पर्श संकेतका साथै सांकेतिक भाषाका संकेतको व्यवस्था गर्नु पर्नेछ।

(ख) परीक्षा कोठामा पर्याप्त प्रकाश र हावा ओहोर दोहोर हुने व्यवस्था हुनुपर्नेछ।

(ग) परीक्षा कोठामा ह्वीलचेयर, वाकर वा अन्य सहायक सामग्री अटाउने गरी फराकिलो ठाउँको व्यवस्था गर्नु पर्नेछ।

(घ) अटिजम (Autism), मानसिक र मनोवैज्ञानिक अपाङ्गता भएका परीक्षार्थीका लागि ध्यान केन्द्रित गर्न मद्दत पुर्‍याउन शान्त वातावरण सहित उपयुक्त तापक्रम र आरामदायी बसाइ व्यवस्था भएको, सुरक्षित कक्षको व्यवस्था गर्नु पर्ने छ।

(ङ) परीक्षा केन्द्रमा खटिने जनशक्तिका लागि अपाङ्गतामैत्री परीक्षा व्यवस्थापन सम्बन्धि अभिमुखीकरण गर्नु पर्नेछ ।

(च) परीक्षा केन्द्रका फर्निचर तथा झ्याल ढोका कार्यगत सिमितता भएका परीक्षार्थीका लागि सुरक्षित तथा उपयुक्त हुनु पर्ने छ।

(छ) परीक्षा केन्द्रमा ह्वीलचेयर प्रवेश गर्न मिल्ने ढोका र ह्याण्डरेल सहितको सफा, प्रयोगमैत्री र पहुँचयोग्य शौचालय हुनुपर्नेछ।

मस्यौदा

(ज) परीक्षा केन्द्रले कार्यगत सिमितता भएका परीक्षार्थीलाई आवश्यक पर्न जाने तत्कालिन स्वास्थ्य, थेरापि, अपाङ्गता वा समस्या समाधान गर्न आपतकालिन कार्य योजना तयार गर्नु पर्ने छ।

(झ) अपाङ्ता भएका परीक्षार्थीहरूका लागि कार्यगत सिमितताका आधारमा नियमावलीमा व्यवस्था भए बमोजिमको समय थप गर्नुपर्नेछ।

(ञ) उमेर बमोजिम हुनु पर्ने औषत उचाइ भन्दा ज्यादैकम उचाइ भएका परीक्षार्थीका लागि उचाइ अनुरुपको डेस्क र बेन्च उपलब्ध गराउनु पर्नेछ।

(ट) Spinal Cord injuries, ADHD Dyslexia, Autism Spectrum Disorder तथा मानसिक वा मनोसामाजिक अपाङ्गता भएका परीक्षार्थीलाई परीक्षामा प्रति घण्टा वढीमा १० मिनेट सम्मको विश्राम समयको व्यवस्था गर्नुपर्नेछ।

प्रस्तावित

# परिच्छेद—छ

## प्रविधिको प्रयोग सम्बन्धी व्यवस्था

**६. अपाङ्गता भएका परीक्षार्थीहरुको लागि प्रविधि प्रयोगको व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछः**

(१) परीक्षाका क्रममा आवश्यक पर्ने प्रविधि, विद्युतीय वा अपाङ्गता अनुकुलनका सामाग्रीहरू बोर्डबाट स्वीकृति प्रदान गरिएको हुनुपर्नेछ।नियमित बाहेकका अतिरिक्त सामग्रीहरू प्रयोग गर्न आवश्यक परेमा परीक्षा केन्द्राध्यक्षको पूर्व स्वीकृति आवश्यक पर्नेछ ।

(२) सहयोगी सहायता प्रणाली, नयाँ उपकरण वा प्रविधिको प्रयोग गराउनु पर्ने भएमा परीक्षा शुरू हुनु पुर्व नै परीक्षार्थीलाई त्यस्ता प्रविधि तथा उपकरणको अभ्यास गर्ने अवसर सम्बन्धित परीक्षाकेन्द्रले उपलब्ध गराउनु पर्नेछ।

(३) परीक्षार्थीलाई प्रविधि प्रयोग गरी परीक्षा दिने वा सहयोगी राखी परीक्षा दिने भनी छनोटको अवसर दिनुपर्नेछ।

(४) प्रविधि प्रयोग गर्नु पर्दा उपकरण जडान गरिसकेको अवस्थामा परीक्षार्थी स्वयंले प्रयोग गर्नु पर्नेछ

(५) परीक्षामा बिभिन्न प्रकारले कार्यगत सिमितता भएको प्रमाणित भएका परीक्षार्थीलाई परीक्षामा सहभागि हुनका लागि कार्यगत सिमितता अनुकुल हुने गरी देहायका प्रविधिहरूको प्रयोगको व्यवस्था गर्नुपर्नेछ ।

**६.१ परीक्षामा प्रायः प्रयोग हुने सामान्य प्रविधिहरू :**

(१) फन्ट, रङ, तथा कि वोर्ड सर्टकटहरूः पहुँचयोग्य सेटिङ् सहितका कम्प्युटरमा आधारित परीक्षा दिने प्रविधि ।

(२) फराकिला स्क्रिन भएको बोलिमा परिणाम दिने इलेक्ट्रोनिक क्याल्कुलेटरहरू।

(३) डिजिटल नोट लिने उपकरणहरू (जस्तै, Livescribe कलमहरू, TTS सहितको Notability) लगायत ।

**ख बौद्धिक अपांगता भएका परीक्षार्थीको लागि ( Dyslexia, ADHD):**

(१) टेक्स्ट-टु-स्पिच (TTS): लेखिएको पाठ बुझ्ने प्रविधि ।

(२) स्पिच-टु-टेक्स्ट: लेख्न गाह्रो हुने विद्यार्थीहरूका लागि उपयुक्त प्रविधि।

(३) परीक्षा रिडर वा स्क्राइबहरू: विद्यार्थीको सट्टामा परीक्षा पढ्ने वा लेख्ने मानवीय सहयोग गर्ने प्रविधि ।

**ग शारीरिक अपाङगता भएका परीक्षार्थीका लागि**

स्पिच-टु-टेक्स्टसफ्टवेयर (जस्तै Dragon Naturally Speaking): बोलेको कुरा लेखिएको पाठमा रूपान्तरण गर्ने प्रविधि।

(१) वैकल्पिक किवोर्ड र इनपुट उपकरणहरू (जस्तै एक हातले चलाउने कुञ्जीपाटी, आँखा ट्र्याकिङ प्रणाली, मुखले चलाउने उपकरणहरू)।

(२) पहुँचयोग्य सेटिङ्स भएका वर्ड प्रोसेसरहरू (जस्तै स्टिकीकीज, पूर्वानुमानात्म कटाइपिङ)लगायत

**घ श्रवण-सम्बन्धी अपांगता भएका परीक्षार्थीका लागिः**

(१) क्याप्सनिङ सेवा: मौखिक परीक्षा निर्देशनहरूका लागि वास्तविक समयमा क्याप्सन देखाउने सेवा।

(२) साङ्केतिक भाषा अनुवादकहरू : परीक्षा वा बोलेका निर्देशनहरू बुझाउने सेवा।

(३) दृश्यसूचना (Visual Alerts): अडियो सूचना (जस्तै परीक्षा सुरु/अन्त्यको समयमा परीक्षाका निरीक्षकले प्रयोग गर्ने) को सट्टामा दृश्य संकेत लगायतको सेवा ।

**ङ दृष्टि-सम्बन्धी अपांगता भएका परीक्षार्थीका लागिः**

(१) स्क्रिन रिडरहरू JAWS, NVDA, Voice Over): स्क्रिनमा देखिएको पाठलाई आवाजमा रुपान्तरण गर्ने प्रविधि।

(२) ब्रेलडिस्प्लेहरू: टाँसिने ब्रेल उपकरणहरू जसले स्पर्श द्वारा ब्रेल मार्फत पाठ पढ्न सक्षम बनाउने प्रविधि।

(३) विस्तारण सफ्टवेयरहरू Zoom Text, Magic): स्क्रिनमा देखिने पाठ र तस्बिरहरू ठूलो बनाउने प्रविधि ।

(४) टेक्स्ट-टु-स्पिच (TTS) उपकरणहरू (जस्तै Kurzweil 3000, Natural Reader): मुद्रित वा डिजिटल पाठलाई आवाजमा पढ्नसक्ने प्रविधि।

(५) सुलभ परीक्षा ढाँचाहरू: पहुँचयोग्य PDF वा Word फाइलहरू, वा हार्डकपी ब्रेल परीक्षाहरूमा सहज पहुँचहुने प्रविधि

प्रस्तावित

# परिच्छेद—सात

## लेखन सहयोगी (स्क्राइब) सम्बन्धि व्यवस्था

**७ अपाङ्गगता भएका परीक्षार्थीहरुको लागि लेखन सहयोगि (स्क्राइब) सम्वन्धी व्यवस्था निम्नानुसार हुनेछ :**

(क) दृष्टिविहीन, श्रवणदृष्टि विहीन, सेरेबलपाल्सी वा अन्य शारीरिक विचलन भएका परीक्षार्थीले परीक्षाको आवेदन फारममा उल्लेख गरे बमोजिम परीक्षामा लेखन सहयोगी (स्क्राइब) को व्यवस्था गरिनेछ ।

(ख) लेखन सहयोगी (स्क्राइब) को प्रयोग गर्नु पर्दा आफूले परीक्षा दिने तह भन्दा एक तह मुनिका नियमित विद्यालय प्रणालीमा अध्ययन गरीरहेका विद्यार्थीको प्रयोग गरिनेछ

(ग) स्क्राइबहरुको सूची नियमित सम्बन्धमा आफैं स्क्राइब खोज्न नसक्नेहरुकाको हकमा परीक्षा केन्द्रहरुले सम्बन्धित उम्मेदवारहरुको रोष्टर तयार गरी राख्ने र आवश्यक परेको खण्डमा परीक्षार्थीलाई उपलब्ध गराइनेछ ।

# परिच्छेद आठ

## उत्तर पुस्तिका संकलन र परीक्षण सम्बन्धी व्यवस्था

**८ परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिका सङ्कलन र परीक्षण सम्वन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :**

(क) परीक्षा केन्द्रले अपाङ्गता भएका परीक्षार्थीको उत्तर पुस्तिका अपाङ्गता नभएका परीक्षार्थीको उत्तरपुस्तिकासँग नमिसाई अलग्गै प्याक गरी पठाउनु पर्ने छ।

(ख) राष्ट्रिय परीक्षा बोर्डले अफलाईन प्रविधि प्रयोग गरी दिएको परीक्षाको मूल्याङ्कन वा उत्तर परीक्षण छुट्टै  परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

(ग) प्रविधि प्रयोग गरी दिइएको परीक्षाको उत्तर सम्बन्धित प्राविधिकबाट परीक्षण गराउनु पर्नेछ।

प्रस्तावित

## परिच्छेद नौ

### तालिम, अभिमुखीकरण र सचेतना सम्बन्धी व्यवस्था

**९ परीक्षा सञ्चालनको लागि तालिम अभिमुखीकरण र सचेतना सम्वन्धमा देहाय बमोजिम गर्नु पर्नेछः**

(क) राष्ट्रिय परीक्षा बोर्डले परीक्षा केन्द्रहरूमा परीक्षा सञ्चालन हुनु एक हप्ता अगाडि अनिवार्य रुपमा र अन्य समयमा अनुकुलता अनुसार सरोकारवालाहरूलाई अपाङ्गता भएका परीक्षार्थीको लागि सहजीकरण सम्बन्धी तालिम संचालन गर्नेछ । सामान्यतया तालिममा निम्न क्षेत्रका सरोकारवालाहरू सहभागी हुनेछन् ।

अ) परीक्षामा संलग्न बोर्डका कर्मचारी

आ) केन्द्राध्यक्ष

इ) परीक्षा निरीक्षक

(ख) **उत्तर पुस्तिका तथा उत्तर परीक्षकका लागि तालिम**

(अ) परीक्षार्थीहरूले परीक्षा दिने केन्द्रमा खटिने सुरक्षाकर्मीलाई समेत परीक्षार्थीको प्रकृति र उपलब्ध गराउनु पर्ने सुविधाका बारेमा अभिमुखीकरण

(आ) अपाङ्गता भएका परीक्षार्थीका लागि अभिभावक सचेतना कार्यक्रम

नोट : १. तालिम, अभिमुखीकरण र सचेतना सम्बन्धी सामग्री अद्यावधिक गरेर राष्ट्रिय परीक्षा वोर्डको वेबसाइटमा उपलब्ध गराइनेछ ।

२. तालिम सहजकर्ताहरूको योग्यता र छनोट बोर्डले तोके अनुसार हुनेछ ।

## परिच्छेद दश

### बिभिन्न निकायको काम कर्तव्य र अधिकार

१० अपाङ्गता भएका परीक्षार्थीहरुको परीक्षा संचालनका सम्वन्धमा विभिन्न निकायहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क) राष्ट्रिय परीक्षा बोर्डको काम कर्तव्य र अधिकार**

**अपाङगता भएका परीक्षार्थीका सम्बन्धमा देहायका कामहरू बोर्डले गर्नेछ ।**

(१) अपाङगता भएका परीक्षार्थीका सम्बन्धमा केन्द्राध्यक्षहरुका लागि सहज पहुँच र मैत्रीपूर्ण व्यवहार र व्यवस्थापनका सम्बन्धमा अभिमुखीकरण गर्ने ।

(२) लक्षित परीक्षार्थीका लागि सकेसम्म होम सेन्टरको व्यवस्था मिलाउन निर्देशन दिने ।

(३) अपाङगताको प्रकृति हेरी उपयुक्त किसिमको फर्निचर तथा बसाइ व्यवस्था मिलाउन सूझाव दिने

(४) अपाङ्गता भएका परीक्षार्थी भएको परीक्षा केन्द्रमा अभिमुखीकरण गराउँदा केन्द्रमा खटिने सुरक्षाकर्मीहरुलाई समेत सहभागि गराई सम्बन्धित केन्द्राध्यक्षले लक्षित परीक्षार्थीको संवेदनशिलता बारे जानकारी गराउने ।

(५) अपाङ्गता भएका परीक्षार्थी भएको परीक्षा केन्द्रमा अपाङ्गता भएका परीक्षार्थीको संख्याका आधारमा थप निरीक्षक उपलब्ध गराउने।

(६) निर्देशिकाले तोकेका अन्य कामहरु गर्ने ।



प्रस्तावित

**(ख) शिक्षा विकास तथा समन्वय इकाइको काम कर्तव्य र अधिकार**

(१) जिल्लाभित्रका विविध किसिमका अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकको तथ्याङक संकलन गर्ने ।

(२) विद्यालयसँग निरन्तर रुपमा नजिक रहेर लक्षित बालबालिकाको पठनपाठन बसाइ व्यवस्था र परीक्षामा सहजीकरणका सम्बन्धमा आवश्यक कार्य गर्ने ।

(३) जिल्लामा रहेको परीक्षा समन्वय समतिसंग निरन्तर सहकार्य गर्ने ।

(४) परीक्षा सञ्चालनका क्रममा अनुगमन निरीक्षण गरी सुधारका लागि सुझाव प्रदान गर्ने ।

(५) सम्बन्धित स्थानीय निकायसंग समन्वय गरी अपाङ्गता भएका बालबालिकाका लागि परीक्षा केन्द्र निर्धारण सम्बन्धी कार्य गर्ने ।

**(ग) स्थानीय तहको काम कर्तव्य र अधिकार**

(१) स्थानीय तह भित्रका विविध किसिमका अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकको तथ्याङ्क संकलन गर्ने ।

(२) बार्षिक बजेटमा आफ्नो स्थानीय तह भित्रका विद्यालयहमा आवश्यकताका आधारमा अपाङ्गतामैत्री कक्षाकोठा तथा विद्यालय भवन निर्माणका लागि बजेट व्यवस्थापन गर्ने ।

(३) केन्द्राध्यक्ष सहायक केन्द्राध्यक्ष र निरीक्षकहरूलाई परीक्षा सहजीकरणका सम्बन्धमा तालिम सञ्चालन गर्ने ।

(४) अपाङ्गता भएका बालबालिकाको अभिभावकको पहिचान गरी बालबालिकाको संरक्षण सम्बन्धी परामर्श दिन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

**(घ) परीक्षा केन्द्रको काम कर्तव्य र अधिकार**

(१) अपाङ्गता भएका परिक्षार्थीहरूका लागि सकेसम्म होम सेन्टर कायम गरी परीक्षा व्यवस्थापन गर्ने ।

(२) अपाङ्गता भएका परीक्षार्थीका लागि आवश्यक पर्ने फर्निचर,परीक्षा सामग्री तथा उपकरणको आवश्यक व्यवस्थापन गर्ने ।

(३) अपाङगमैत्री शौचालय, पिउने पानी तथा बसाइ व्यवस्थाको उपयुक्त व्यवस्थापन गर्ने ।

(४) उमेर अनुसारको उचाइ नभएका परीक्षार्थीको हकमा भूँइटेबल, चकटी तथा कम उचाइ भएका डेस्क बेन्चको व्यवस्था गर्ने ।

(५) परीक्षा हल अनिवार्य रुपमा ऱ्याम्पको व्यवस्था गर्ने। लक्षित समूहका परीक्षार्थीको परीक्षा लिने सन्दर्भमा सम्भव भएसम्म ग्राउन्ड फ्लोरको कोठामा व्यवस्था मिलाउने ।लिफ्ट भएका विद्यालयले भने माथिल्लो तल्लामा पनि गर्न सक्नेछन् ।

(६) अपाङ्गता भएका परीक्षार्थीलाई परीक्षा केन्द्र, परीक्षा हल, शौचालयको अवस्थितिका बारेमा परीक्षा सुरु हुनुभन्दा एक दिन अगावै जानकारी गराउने।

# परिच्छेद एघार

## आचारसंहिता सम्बन्धी व्यवस्था

**११. आचार संहिताको पालन गर्नु पर्ने :** (१) परीक्षा र परीक्षा सम्बन्धी आचार संहिताको पालन गर्नु गराउनु परीक्षामा संलग्न हुने परीक्षार्थी, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सुरक्षाकर्मी, परीक्षामा संलग्न कर्मचारी तथा परीक्षा सँग सम्बन्धित जनशक्तिको को कर्तव्य हुनेछ।

(**क**) देहाय बमोजिमको कार्य गर्ने परीक्षार्थीको सो दिनको परीक्षा रद्द गरिनेछ ।

(अ) आफ्नो उत्तरपुस्तिका अरु परीक्षार्थीलाई देखाएमा वा अरुको उत्तर पुस्तिका वा अन्य निषेधित कागज हेरेमा,

(आ) परीक्षार्थीले परीक्षाको समयमा परीक्षा भवन बाहिर अन्य स्थानमा गई चिट वा कागजात हेरेमा,

(इ) परीक्षामा संलग्न केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक तथा कर्मचारीलाई अभद्र व्यवहार वा गालीगलौज गरेमा,

(ई) परीक्षा हलमा निषेध गरिएको सामान साथमा लिएर गएमा ।

(उ) परीक्षाको उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई नबुझाई आफैं लगेमा।

(ख) देहाय बमोजिमको कार्य गर्ने परीक्षार्थीलाई परीक्षा पुरै रद्द गरी थप दुई वर्षको लागि बोर्डको परीक्षामा सम्मिलित हुन नपाउनेगरी निष्कासन गर्न सकिनेछ :

(अ) परीक्षा बिथोल्ने अभिप्रायले अन्य परीक्षार्थीको उत्तरपुस्तिका नष्ट गरेमा वा च्यातेमा वा परीक्षामा हुलहुज्जत मच्चाएमा,

प्रस्तावित

(आ) अर्काको सट्टामा परीक्षा दिन जाने नक्कली परीक्षार्थीलाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाइनेछ,

(इ) उपखण्ड (२) बमोजिम हुने बाहेक परीक्षाको मर्यादा विपरीतका अन्य कुनै कार्य गरेमा बोर्डले आवश्यक कारबाही गर्न सक्नेछ ।

**११.१ केन्द्राध्यक्ष तथा सहायक केन्द्राध्यक्षले पालना गर्नुपर्ने ।**

(क) अपाङ्गता भएका विद्यार्थीहरूका लागि तोकिएको समय भन्दा अगावै परीक्षा समय समाप्त भएको घोषणा गरी कपी, उत्तर वा उत्तरपुस्तिका जफत भएको भन्ने पाइएमा ।

(ख) निर्देशिकाले तोके बमोजिमको परीक्षा व्यवस्थापन सम्बन्धी कार्य नगरेमा

**११.२ निरीक्षकले पालना गर्नुपर्ने नियमहरु ।**

(क) अपाङ्गता भएका विद्यार्थीहरूका लागि तोकिएको समय भन्दा अगावै परीक्षा समय समाप्त भएको घोषणा गरी कपी, उत्तर वा उत्तरपुस्तिका जफत गर्न नहुने।

(ख) कुनै परीक्षार्थीलाई उत्तर सिकाउने कसैलाई अनावश्यक गाली गर्ने तथा परीक्षा सञ्चालन भएको कक्षाकोठा भित्र मोबाइल चलाउनु नहुने ।

(ग) केन्द्राध्यक्षको निर्देशन पालना गर्नुपर्ने ।

(घ) निर्देशिकाले तोकेका अन्य व्यवस्था पालना गर्नुपर्ने।

# परिच्छेद बाह्र

## विविध

**१२. अनुसूची हेरफेर गर्न सक्ने :** बोर्डले आवश्यकतानुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

**१३. खारेजी र बचाउ :** (१) यस विषयमा यो भन्दा अगाडि कुनै निर्देशिकाहरू बनेका भए यो निर्देशिकाको स्वीकृति पश्चात् स्वत: खारेज भएको मानिने छ ।

प्रस्तावित

## अनुसूची - १

केन्द्राध्यक्षलाई निर्देशन : परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिकाले गरेका निर्देशनहरु पालना गर्ने ।

## अनुसूची — २

राष्ट्रिय परीक्षा वोर्डले परीक्षामा प्रयोग गर्नका लागि स्वीकृति दिएका प्रविधिहरूको सूची

(१) इलेक्ट्रोनिक क्याल्कुलेटर

(२) Text to speech सहितको Livescribe कलम

(३) स्पिच-टु-टेक्स्ट सफ्टवेयर- Dragon Naturally स्क्रिन रिडरहरू JAWS, NVDA, VoiceOver): ब्रेलडिस्प्लेहरू

(४) विस्तारण सफ्टवेयरहरू Zoom Text, MAG

(५) टेक्स्ट-टु-स्पिच (TTS) उपकरणहरू (जस्तैKurzweil 3000, NaturalReade

(६) वैकल्पिक किवोर्ड र इनपुट उपकरणहरू- एक हातले चलाउने कुञ्जीपाटी, आँखा ट्र्याकिङ प्रणाली, मुखले चलाउने उपकरणहरू

(७) पहुँचयोग्य सेटिङ् भएका वर्ड प्रोसेसरहरू - जस्तै स्टिकीकीज, पूर्वानुमानात्मक टाइपिङ